# नेपालविद्युतप्राधिकरण

)नेपालसरकारकोस्वामित्व(

# कार्यकारी निर्देशकको १०० दिनको कार्यप्रगति सारांश

काठमाडौं

आषाढ,२०८२

नेपाल विद्युत प्राधिकरणको बर्तमान अवस्था र भविष्यको मार्ग चित्र देखाउने गरीश्वेतपत्रपत्र जारीगरिएकोछ।उक्त श्वेतपत्रमा मुख्य निम्न ५ विषयलाई प्राथमिकतामा राखिएको छ।

- ऊर्जा सुरक्षा
- विश्वसनीय विद्युत
- नविनतम उपायहरुबाट वित्तीय ब्यवस्थापन
- विश्वसनीय र पारदर्शी तथ्याङ्क
- मानवस्रोत ब्यवस्थापन

ऊर्जा सुरक्षा र विश्वसनीयऊर्जाको लागि निम्न कार्यहरु अगाडी बढाइएकोछः

- कुलेखानी सिस्नेरी १०० मेगावाट पम्प स्टोरेज आयोजनाकोपूर्वसम्भाब्यता अध्ययन सम्पन्न गरी सम्भाब्यताका लागि लाइसेन्स आवेदन गरिएकोछ ।
- हुलिङटार-दुम्किम ४९४ मेगावाट पम्प स्टोरेज आयोजनाकोपूर्वसम्भाब्यता अध्ययन सम्पन्न गरी सम्भाब्यता अध्ययनका लागि लाइसेन्स आवेदन गरिएकोछ ।
- Battery Energy Storage System (BESS)अध्ययन तथा निर्माण सहयोगका लागि पहल शुरु गरिएको छ।
- उत्तरगंगा जलविद्युत आयोजना र अपर अरुण जलविद्युत आयोजनाको लाइसेन्स प्रक्रिया अगाडी बढाइएको छ ।

**वितरण तथा ग्राहक सेवातर्फः**

- औद्योगिक क्षेत्रमा विद्युत खपत बृद्धि र विश्वासको वातावरण सिर्जना गरिएको छ । उच्चतम विद्युत खपत र नियमित महसुलभुक्तानीका आधारमा केन्द्रिय स्तरमा १० सर्वाधिक महत्वपूर्ण उपभोक्ता र प्रादेशिक स्तरमा प्रत्येक प्रदेशका१० अत्यन्त महत्वपूर्ण उपभोक्ताको नामावली सार्वजनिक गरी कोशी तथा मधेश प्रदेशका त्यस्ता ग्राहकहरुलाई सम्मान गरिएकोछ ।
- डेडिकेटेड र ट्रङ्क लाइन विद्युत महसुलसम्बन्धीविवाद लामो समयको अन्यौल पछी समाधानको बाटोमा छ । त्यसका लागि संचालक समितिबाट पुनरावलोकनको म्यादसहित पुनरावलोकन धरौटी रकममा संशोधन, पुनरावलोकन समितिको अध्यक्ष नियुक्ति लगायतको नीतिगत निर्णय गरिएको र सोही अनुसार सार्वजनिक सूचना जारी गरिएको छ।जस अनुसारपुनरावलोकनको लागी ४६ निवेदन प्राप्त भएको र हाल पुनरावलोकन कमिटिलेपुनरावलोकनसम्बन्धी कार्य गरिरहेको छ । निश्चित अवधि भित्र यो विषय समाधान हुने देखिन्छ ।
- देशैभरी कार्यालय रहेका ठुला कर्पोरेट ग्राहकहरुको प्रत्येक इकाइ ग्राहकहरुको महसुल भुक्तानी केन्द्रिकृत रुपमा एकै स्थानबाट गर्न सकिने गरी छुट्टै पेमेन्ट गेटवे निर्माण गरिएको र हाल परिक्षणको अन्तिम चरणमा रहेको छ ।

| SN | DCS Name | Name of charging center | Budget Head No. 4.308 |
|---|---|---|---|
| 1 | JorpatiDCS | PanchPokhariSunauloYatayatPra Li | 1,006,000 |
| 2 | JorpatiDCS | Nilo Micro Yatayat Samiti Pra Li | 1,481,000 |
| 3 | SurkhetDCS | Ma Shakti Trade Link, Eco Charge EV Charging station, Om sai Fast Charging center | 2,819,000 |
| 4 | GulmiDCS | MaitriYatayatPra Li | 1,371,000 |
| 5 | BhojpurDCS | Jay Bajrang KiranaPasal | 1,018,000 |

| | | | |
|---|---|---|---|
| 6 | ItahariDCS | Riteshwor charging center | 991,000 |
| 7 | JorpatiDCS | Indrayanibhulbuyatayatpra Li | 1,395,000 |
| | **Total** | | **10,081,000** |

स्टेशनको लागि आवश्यकपूर्वाधार निर्माण गर्नका लागि तपशिलका वितरण केन्द्रहरुको मागका आधारमा कुल जम्मा रु. १,००,८१,०००।-थप बजेट उपलब्ध गराएकोछः

- ४३MVAक्षमता बराबरको निम्न चार (४) वटा ३३।११ के.भि. सबस्टेसनको निर्माण सम्पन्न गरी संचालनमा ल्याईएकोछः

| सि.नं. | नाम | क्षमता (एमभिए) | कैफियत |
|---|---|---|---|
| १ | भगवानपुर | ८.०० | मधेश प्रदेश |
| २ | विरेन्द्रबजार | १६.०० | |
| ३ | बर्दिबास | १६.०० | |
| ४ | जोगबुढा | ३.०० | सुदुरपश्चिम प्रदेश |
| **जम्मा** | | ४३.०० | |

- विभिन्न ३३।११ के.भि. सवस्टेशनहरुमा भोल्टेज सुधारको लागी ११० MVARक्षमता बराबरको Capacitor Bankजडान कार्य सम्पन्न गरिएकोछ ।
- १२ विभिन्नसामुदायिक संस्थाका करिब ७,३१५ ग्राहकहरुलाई प्राधिकरणको ग्राहकमा रूपान्तरण गरी भरपर्दो र गुणस्तरिय सेवा प्रदान गरिएको छ।
- करिब ९०० गरिब तथा विपन्न परिवारलाई निःशुल्क मिटर वितरण गरिएकोछ ।
- वितरण प्रणालीमा देखिएका समस्याहरुको सम्बन्धमा ग्राहकहरुबाट समयमानै जानकारी प्राप्तगरी देखिएको समस्या ग्राहकले System मा Upload गरी सम्बन्धीत वितरण केन्द्रसम्म पुराउन सक्ने गरी Infrastructure Quality App (IQA) तयार गरी हाल कार्यान्वियनको अन्तिम चरणमा रहेको छ ।

**प्रणाली सुदृढीकरण र ट्रिपिङ समस्या समाधानका लागि गरिएका कार्यहरुः**

- ग्राहकहरुलाईविश्वसनीयविद्युतसेवाकोसुनिश्चितताकोलागिप्रसारणरवितरणसंजालसुदृढीकरणर ऊर्जासुरक्षाकाउपायहरुअपनाईग्राहकवर्गसम्मबिश्वसनीयविद्युतपुर्याउनका लागि आवश्य कार्य अगाढी बढाइएको छ।यसकोमानाङ्ककोरुपमाSAIFIरSAIDIजस्ताअन्तराष्ट्रियअभ्यासरहेकाविश्वसनीयताकोमानाङ्कलाईस्थापितगरिएको छ।तिनै मानाङ्कको आधारमालाइन ट्रिपिङ अनुगमन गरी सुधारको कार्य अगाडी बढाइएको छ ।
- वितरण सवस्टेशनकोRelay and Battery System Updateको लागि हरेक प्रादेशिक/डिभिजन कार्यालयमा एक जना अधिकृत स्तरको प्राविधिक कर्मचारीलाई DC तथा Relay Protection Engineer तोकएको छ ।त्यसरी जिम्मेवारी तोकिएको Engineerबाटप्रादेशिक/ डिभिजनकार्यालय मातहतको वितरण केन्द्रमा रहेका ३३/११ के.भी सवस्टेशनहरुको नियमित निरिक्षण, मर्मत सम्भार लगायतको कार्य गरी वितरण प्रणालीलाई चुस्त दुरुस्त राख्ने कार्य अगाढी बढाइएको छ ।
- काठमाडौ उपत्यका भित्र नियमित भरपर्दो र गुणस्तरीय विद्युत आपूर्तिको ब्यवस्था मिलाउनका लागि उपत्यका भित्र रहेका विभिन्न १७ वटा स्विचिङ तथा सवस्टेशनहरुमा जडान भएका फिडरहरुको संचालन अवस्था स्यूचाटारमा रहेको Distribution Control Centre मार्फत २४ सै घण्टा अनुगमन गर्ने ब्यवस्था मिलाईएको छ ।
- गुणस्तरीय भरपर्दो र नियमित विद्युत आपूर्ति ब्यवस्था मिलाउनका लागि विस्तृत Grid Reinforcement Plan तयार गरिएको छ।

- सबै ग्रिडमहाशाखा तथा शाखाहरुमा Relay & Protection Engineerतोकिएको छ।त्यसरी जिम्मेवारी तोकिएको Engineerबाट मातहतका सवस्टेशनहरुको नियमित निरिक्षण, मर्मत सम्भार लगायतको कार्य गराईप्रसारण प्रणालीलाई चुस्त दुरुस्त राख्ने कार्य अगाढी बढाइएको छ।

**प्रसारण प्रणालीतर्फ**

- प्रसारण लाइन (क्षमता अभिबृद्धि सहित) तथा सवस्टेशन निर्माणतर्फ क्रमश: १०४ सर्किट कि.मि. र ५८६.५एम.भी.ए. वृद्धि भै हालसम्म कुल ६७६९ सर्किट कि.मि. को प्रसारण प्रणाली तथा १४३४९.५ एम.भी.ए. क्षमताको सवस्टेशन निर्माण सम्पन्न भएकोछ।

| S.N. | Transmission Line | Type of Ckts | Length (Circuit km) | | | |
|---|---|---|---|---|---|---|
| | | | Total | Constructed till Now | Constructedin FY 81-82 only | Constructed from Chaitra 2081 to till now (Asadh 2082) |
| I | **Transmission Directorate** | | | | | |
| A | **132 kV Transmission Line** | | | | | |
| **4** | Kushaha- Biratnagar | Double | 46 | 46 | 30 | 1 |
| **5** | Kohalpur-Surkhet-Dailekh | Double | 168 | 85 | 41 | 15 |
| **8** | Kaligandaki- Ridi | Double | 44 | 10 | 10 | 4 |
| **9** | Nawalpur (Lalbandi) Salimpur | Double | 40 | | | |
| **14** | Birgunj-Parsauni UG | Double | 5.60 | 5.6 | 5.6 | 4 |
| **17** | New Butwal Sunwal Butwal Conductor Upgrading | Double | 54 | 54 | 54 | 54 |
| | Total | | **357.6** | **201** | **141** | **78** |
| B | **220 kV Transmission Line** | | | | | |
| **1** | Udipur - Bharatpur TL | Double | 134 | 12 | 6 | 0 |
| | Total | | **134** | **12** | **6** | **0** |
| C | **400 kV Transmission Line** | | | | | |
| **1** | Hetauda-Dhalkebar | Double | 270 | 230 | 126 | 16 |
| **2** | New Khimti - Barhabise | Double | 86 | 86 | 68 | 10 |
| | Total | | **356** | **316** | **194** | **26** |
| | Grand Total | | | | | **104** |

| S.N. | Name of SS | Capacity (MVA) | Remarks |
|---|---|---|---|
| New Substation | | | |
| **1** | PaudiAmarai (Gulmi) 132/33/11 kV | 46 | |
| **2** | Malekhu 132/33 kV | 30 | |
| **3** | Amalekhgunj 132/66 kV | 200 | |
| **4** | Mulpani 132/11 kV | 90 | |
| Grid Reinforcement | | 45 | |
| **5** | Kulekhani 66/11 kV | 22.5 | |

| | | | |
|---|---|---|---|
| **6** | Matatirtha 132/11 kV | 45 | |
| **7** | New Bharatpur 132/11 kV | 45 | |
| **8** | Dhalkebar 132/33 kV | 63 | |
| Total | | **586.5** | |

- प्रसारण लाइनकोEffective Maintenance को Maintenance Scheduleतयार गरीलागू गर्न कमिटि गठन भै कार्य अगाडी बढाईएकोछ।
- कोशी कोरिडोर अन्तर्गत ढुङ्गेसाघु - बसन्तपुरदोस्रो सर्कीट निर्माण सम्पन्न गरी चार्ज गरिएकोछ।
- प्रसारण लाइन निर्माणमा देखिएको जग्गा प्राप्तिको समस्या समाधानका लागी मार्गाधिकार(ROW) भित्र पर्ने जग्गाको कित्ताकाँट गर्ने प्रावधान गर्न भूमि ब्यवस्था तथा सहकारी मन्त्रालयमार्फत आवश्यक प्रक्रिया अगाढी बढाइएको छ। मार्गाधिकार भित्रको जग्गामा सोलार विद्युत तथा अन्य सामुहिक खेती प्रणाली विकाशको अवधारणा अगाढी बढाइएको छ।त्यसका अतिरिक्त त्यस्ता जग्गा धनीहरुलाई विद्युत प्राधिकरणका आयोजनाहरुमा प्राथमिकताका साथ सेयर दिने ब्यवस्थाका लागि पहल गरिएकोछ ।मार्गाधिकार(ROW) भित्र परेको जग्गामा सोलार जडान गरी उत्पादित विद्युत प्राधिकरणले खरिद गर्ने गरीअगाडी बढाईएको कार्यक्रम अन्तर्गत खिम्ती प्रसारणलाइनको मार्गाधिकार(ROW)भित्र तामाकोशी गाउँपालिका ५ शहरे गाउँका स्थानियसँग समन्वय गरी करिव १मेगावाटसोलार आयोजनाको PPAप्रक्रिया अगाडी बढाइएको छ।
- दमौली-भरतपुर १३२ के.भी प्रसारणलाइनको विद्युत शक्तिप्रवाह गर्ने यस अघिको क्षमता ७० मेगावाटबाट बृद्धि गरी करिव १३० मेगावाट बनाउन सो लाइनमा भएको कण्डक्टर बदली गर्ने कार्य भएको भएता पनि भरतपुर स्थित न्यु भरतपुर २२० के.भी सवस्टेशनमा रहेको प्राविधिक जटिलताले गर्दा उक्तलाइनपूर्ण क्षमतामा संचालन गर्न सकिएको थिएन। निजीऊर्जा उत्पादकहरुले मर्स्याङ्गदी तथा दोर्दी करिडारेमा निर्माण गरेको जलविद्युत आयोजनाहरुबाट उत्पादन भएको विद्युत सहज रुपमा राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनका लागि उक्तलाइनले महत्वपूर्णभूमिका खेल्ने हुँदा प्राविधिक समस्या समाधान गरी बृद्धि भएको विद्युत प्रवाह गर्ने क्षमता अनुसार लाइन संचालनमा ल्याइएकोछ।
- ढल्केवर ४०० के.भी. सवस्टेशनबाट निकालिएको लोहारपट्टीतर्फको दुई वटा १३२ के.भी. लाइन बे मध्ये हाल प्रणालीलाई आवश्यक नरहेको १ वटा लाइन बेलाई ढल्केबरदेखि हेटौडासम्मको निर्माणाधीन ४०० के.भी.को ढल्केबर सवस्टेशन नजिकको ४०० के.भी. टावरमा जोडी त्यहाँबाट निजगढसम्म निर्माण सम्पन्न भएको ४०० के.भी. लाइनमार्फत पुनः नजिकको पथलैया चन्द्रनिगाहापुर १३२ के.भी. डबल सर्किट प्रसारण लाइनको एउटा सर्किटमा जोडी पथलैया १३२ के.भी. सवस्टेशनसम्म करिब २०० मेगावाट विद्युत शक्ति प्रसारण गर्ने प्रसारण प्रणालीको निर्माणको लागि कार्य आरम्भ गरिएकोछ। सो कार्य सम्पन्न भएमा हाल ढल्केबरदेखि चन्द्रनिगाहापुर सवस्टेशनसम्म १३२ के.भी. डबल सर्किट प्रसारण लाइनको अतिरिक्त अर्को १३२ के.भी. भोल्टेज लेभेलको विश्वसनीय बैकल्पिक उच्च क्षमताको प्रसारण लाइनको लिंक तयार हुन्छ । जसले गर्दा प्रणालीमा हुने ट्रिपिंग कम हुनुको साथै बर्खायाममा ढल्केबर सवस्टेशनबाट निर्यात हुने विद्युतको परिणामसमेत १०० मेगावाटले बढ्नेछ।
- बाह्रविसे न्यु खिम्ती ४०० केभी प्रसारणलाइनको बाह्रविसे तथा खिम्तीमा रहेको विवाद समाधान गरी निर्माण सम्पन्नगरिएको छ।
- मुलपानी १३२/११ के.भी ९० एम.भी.ए सबस्टेसन निर्माण सम्पन्नगरी संचालनमा ल्याइएको छ।

- काठमाडौँ उपत्यकाको प्रणाली सुधार अन्तर्गत विद्यमान बालाजु सबस्टेसनको स्तरोन्नतिको कार्य शुरु गरिएको छ। यस अन्तर्गत १३२/११ के.भी ३x४५ एम .भी.ए GIS प्रणालीको सबस्टेशन निर्माण गरिनेछ।
- पोखराको प्रणाली सुधार अन्तर्गत १३२ के.भी स्याङ्जा-लेखनाथ प्रसारण लाइनलाई ७०० मिटर भूमिगत गरी पोखराको बिरौटामा Loopin -Loopout गर्ने र बिरौटामा २x३० एम .भी.ए, १३२/११ के.भीGIS प्रणालीको सबस्टेसन निर्माण गरी १२ कि.मी ११ के.भी भूमिगत वितरण लाइन निर्माण गर्ने कार्यको सम्पूर्ण अध्ययन समाप्त भई बोलपत्र गर्ने तयारी अवस्थामा रहेको छ।
- कोहलपुर-सुर्खेत १३२ के.भी. प्रसारण लाइनको निर्माणमा बाँकेको बनियाभार र सुर्खेतको सुब्बाकुनामा लामो समयदेखि जारी स्थानीय अवरोधको समाधानका लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिवज्यूको नेतृत्वमा स्थलगत निरीक्षण गरिएको छ। हाल उक्त विवाद समाधानतर्फ उन्मुख भएको छ।
- मर्स्याङ्दी करिडोर प्रसारण लाइन अन्तर्गत मार्किचोक -भरतपुर खण्ड प्रसारण लाइनको तनहु जिल्ला स्थित ढकालटारमा कायम लामो समयदेखिको विवाद समाधान गरी निर्माण कार्य सुचारु गरिएको छ।
- गुणस्तरीय विश्वसनीय र भरपर्दो विद्युत आपूर्ति ब्यवस्था मिलाउनका लागि निम्न प्रसारण लाइन निर्माणको अनुमतिको लागि प्रक्रिया शुरु गरिएकोछ।
  - ✓ निजगढ-पोखरिया ४०० के.भी.।
  - ✓ बालाजुदेखि महाराजगंज हुँदै सिंहदरबार (K3)सम्मको १३२ के.भी. प्रसारणलाइन।
  - ✓ दुधकोशी पावरहाउसदेखि सितलपाटि-तिङ्गला-दुधकोशी ४०० के.भी. प्रसारण लाइनको टावर नं AP५१-५२ सम्मको ४०० के.भी. सर्वेक्षण अनुमति पत्र संसोधनको प्रक्रिया शुरु गरिएको छ।
- निजीक्षेत्रहरुबाट उत्पादित विद्युतलाई छिटो छरितोरुपमा ४००/२०० के.भी. प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध गर्न ४००/२०० के.भी. प्रसारण लाइन निर्माणको कार्यमा निजी क्षेत्रलाईPublic Private Partnership (PPP)मोडेलमा समावेश गर्ने गरीEoIनिकाल्ने प्रक्रिया अगाडी बढाईएकोछ।
- ढल्केबर-मुजफ्फरपुर४००के.भी .प्रसारणलाइननिर्माणभएकोCommercial Modalityअनुसारनैदुईप्रसारणलाइनहरु) १ (इनरुवा.के□□□पुर्णिया-भी .प्रसारणलाइनर) २ ( लम्की) दोदोधार-(बरेली४००के.भी . प्रसारणलाइननिर्माणगर्ननेपालविद्युतप्राधिकरणरपावरग्रिडकर्पोरशेनअफइन्डियालिमिटेडकोसंयुक्तलगानीमाकम्पनीखोल्ने प्रक्रिया अगाडी बढाइएको छ।
- चमेलिया जौलजीबी २२० के.भी. अन्तर्देशीयप्रसारण लाइनको सर्वेक्षण अनुमति पत्रको प्रक्रिया अगाडीबढाईएको।
- नेपाल र चीन बीचनिर्माणहुनेअन्तर्देशीयप्रसारणलाइनआयोजना(Chilime-Kerung) निर्माणका लागि China-Nepal Power Grid Interconnectionकोसम्भाव्यताअध्ययनकार्यअगाडिबढाउने निर्णय गरिएको छ।

**कर्मचारी तथा आर्थिक प्रशासनतर्फ**

- कर्मचारी सेवा, शर्त विनियमावली, 2075 मा ब्यवस्था भई हालसम्म शुरुवात नगरिएको सेवाकालीन तालिमको शुरुवातगरी तह ३ इलेक्ट्रिसियन, ३० जनालाई सेवाकालीन एक महिने तालिम प्रदान गरिएको छ।
- Digital NEA अन्तर्गत यसै बर्षदेखि सम्पूर्ण कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन अनलाइन भर्ने ब्यवस्था मिलाइएको छ।

- प्राधिकरणको वित्तीय प्राविधिक तथा व्यवस्थापकीय पक्षहरुको विस्तृत मूल्याङ्कन लगायत सम्पत्ति तथा दायित्वको यथार्थ अवस्था सुनिश्चित गर्नका लागि Due Diligence Audit (DDA) को प्रक्रिया अगाढी बढाइएको छ ।
- प्राधिकरणमाहाल सिर्जित दायित्वहरूतथा प्राधिकरणमा देखिएको तरलता ब्यवस्थापनका लागि रु.१० अर्ब अल्पकालिन ऋण लिन अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको छ ।
- उत्पादन,प्रसारणरवितरणप्रणालीकोविस्तार,विद्यमान संरचनाको स्तरोन्नती लगायतका कार्यहरु प्रभावकारी रुपमा संचालन गर्नका लागि रु. २०अर्ब बराबरको ऋणपत्र (Bond) जारी गर्न अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको छ ।

**ब्यवसाय विकासतर्फ**

- बंगलादेश सरकारसँग भएको विद्युत निर्यात सम्झौता बमोजिम सम्झौता अवधिका लागि एलसी खोली जुलाई 15देखि नियमित रुपमा ४० मेगावाट विद्युत बंगलादेश निर्यात गरिएको छ ।
- Medium Term Bilateral सम्झौता अनुसार औसत दैनिक ३२५ र IEX Market मा औसत दैनिक ३०० मेगावाटगरी दैनिक औसत ६२५ मेगावाट विद्युत भारत निर्यात गरिएको छ।
- प्राधिकरणका सहायक कम्पनीहरू र सो अन्तर्गत सञ्चालित आयोजनाहरूको प्रगति र वर्तमान अवस्थाको अध्ययन गर्न संचालक समितिका सदस्यको नेत्रित्वमा कमिटी गठन गरी अध्ययन गरिएकोछ। सहायक कम्पनी अन्तर्गत सञ्चालिन आयोजनाहरुको कार्यमा तिव्रता ल्याउन तथा वित्तीय लगानीको सुरक्षाथप सुनिश्चितताको लागि सबै सहायक कम्पनीहरुमाCompany & Project Performance Indexतयार गर्न शुरुवात गरिएकोछ। कम्पनीबाट प्रदान गरिने प्रोत्साहन भत्ता/Incentiveलाई Performance Indexको उपलब्धीसँग समेत Tie-upहुने गरी प्रोत्साहन भत्ता/Incentiveसम्बन्धी कार्यविधि/निर्देशिकामा परिमार्जनको लागि आवश्यक गृहकार्य अगाडी बढाइएको छ ।
- सहायक कम्पनीहरुमा प्राधिकरणको लगानीको सुरक्षाको थप ग्यारेन्टीको लागि तथा सहायक कम्पनी अन्तर्गत सञ्चालित आयोजनाहरु निर्धारित समयभित्रै सम्पन्न हुने गरी कार्य अगाडि बढाउने गरी प्राधिकरणबाट सहायक कम्पनीहरुमा खटाईनेCEO/CFOलगायतका पदाधिकारीहरुसँग Performance Contractगर्ने गरी कार्य अगाढी बढाइएको छ ।
- मध्यभोटेकोशी१०२ मेगावाट आयोजनाको मुख्य सुरुङ संरचनामा देखिएको प्राविधिक समस्या (पानी चुहिने)समाधान गरी Wet Testको प्रक्रिया अगाढी बढाइएको छ ।
- २०८१ असोज १० देखी देशभर आएको अविरल वर्षाको कारण २०८१ असोज १२ गतेआएको आकिस्मक बाढी तथा पहिरोका कारण माथिल्लोतामाकोशी जलविद्युत केन्द्रको वाधस्थलमा रहेकोHeadworks Control Buildingबालुवा थिग्राउने पोखरी(Settling Basin) तथा पानी बग्ने नहर(Box Culvert) लगायतको भौतिक संरचनामा भएको क्षतिको आंशिक मर्मत गरी २०८१।०९।०९ बाट उत्पादन शुरुवात भएको भएता पनि अन्य आवश्यकमर्मतको कार्य सम्पन्नगरी२०८२ असार १२ गतेदेखि पूर्ण क्षमता ४५६ मेगावाटमा संचालनमा ल्याइएको ।
- सरकारी निकायबाट प्रवर्द्धन गरिने सौर्य ऊर्जाको G2G मोडेलमा खरिद बिक्री गर्ने सम्वन्धमा निर्णय गरिएको छ ।
- देहायका विभिन्न जलविद्युत तथा सोलार आयोजनाहरु ७७. ९७ मेगावाट को ब्यवसायिक उत्पादन शुरुवात भएको छः

| S.N. | Developer | Projects | Location | Installed Capacity (kW) | Commercial Operation Date |
|---|---|---|---|---|---|
| 1 | Tarai Solar Pvt. Ltd. | Jeera Bhawani Sedhwa Solar | Parsa | 7700 | 2081.12.13 |
| 2 | Tarai Energy Pvt. Ltd. | DDB Solar | Parsa | 2300 | 2081.12.13 |

| | | | | | |
|---|---|---|---|---|---|
| **3** | Super Hewa Power Company Pvt. Ltd. | Super Hewa | Sankhuwasabha | 6000 | 2082.01.01 |
| **4** | Pashupati Renewables Pvt. Ltd. | Dharamnagar Solar Farm | Kapilvastu | 10000 | 2082.01.04 |
| **5** | Upper LohoreKhola Hydropower Co. Pvt. Ltd. | Upper Lohore | Dailekh | 4000 | 2082.01.04 |
| **6** | Idi Hydropower Co. P. Ltd. | Idi Khola | Kaski | 975 | 2082.01.08 |
| **7** | Jhyamolongma Hydropower Development Company Pvt. Ltd. | KaruwaSeti | Kaski | 32000 | 2082.01.19 |
| **8** | Dharmanagar Solar | Solar | Butwal | 15000 | 2082.03. |
| | | | **Total** | **77975** | |

- नेपाल सरकार मन्त्रिपरिषदले स्वीकृत गरेकोऊर्जा विकास मार्गचित्र, २०८१ अनुसार सन् २०३५ सम्म नेपालको कुल विद्युत जडित क्षमता २८,५०० मेगावाट पुर्याउने लक्ष्य प्राप्तिको लागि मिति २०८१/१२/१२ सम्म ग्रिड कनेक्सन एग्रिमेन्ट सम्पन्न भईसकेका १० मेगावाट भन्दा बढी क्षमताका विभिन्न प्रारुपकाजम्मा४९६६. ३मेगावाट(RoR 1858.9 MW and PRoR 3107.4 MW) जलविद्युत आयोजनाहरुको ग्रीड कनेक्सन एग्रिमेन्टको प्रावधान अनुसार विद्युत खरिद बिक्री सम्झौताको प्रकृया अगाडि बढाइएको छ ।
- Energy Mixकार्यक्रम अन्तर्गत कुल ९६० मेगावाटको सोलार आयोजनाका लागि प्रतिस्पर्धात्मक खरिद विधि(TBCB) बाटRFP आव्हान गरिएकोमा कुल ६३ ओटा आयोजनाहरु छनौट भएकोमा विभिन्न ८ कम्पनीको १७० मेगावाट सोलार आयोजनाको PPAसम्पन्न गरिएको छ ।

धन्यवाद्

(हितेन्द्र देव शाक्य)
कार्यकारी निर्देशक
नेपाल विद्युत प्राधिकरण

मितिः-2082।03।24